म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २१० २०८० असार १० गते आइतबार 25 June 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

जाँचबुझ आयोगमा मिटरब्याजका २२ हजार उजुरी

काठमाडौंः सरकारले मिटरब्याज समस्याको समाधान गर्न गठन गरेको आयोगमा पीडितका २२ हजार वटा उजुरी परेका छन् । आयोगले शनिबार विज्ञप्ति जारी गरी मधेशका ८ जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा र रौतहट) मा १७ हजार ८०० र पश्चिम नवलपरासीमा १ हजार ८८९ वटा उजुरी परेको जानकारी दिएको छ । त्यस्तै रुपन्देही र काठमाडौंमा ५-५ सय वटा उजुरी परेको छ । सरकारले मिटरब्याज पीडितको समस्या समाधानका लागि २० चैतमा गौरीबहादुर कार्कीको अध्यक्षतामा अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो । जनकपुरधाममा मुख्यालय रहेको आयोगले पीडितबाट उजुरी संकलन र मेलमिलाप गराउँदै आएको छ ।

राक्सिराङको नीति तथा कार्यक्रम र बजेट पारित

बसाई सरी आउनेलाई घर उपहार

नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुअघि गाउँसभामा बजेटको ब्रिफकेस सभाका सदस्यलाई प्रदर्शन गर्नुहुँदै उपाध्यक्ष वनस्तम थिङ ।

समाज संवाददाता

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम तथा बजेट सर्वसम्मत पारित भएको छ । शनिबार गाउँ सभाको चौथो अधिवेशनमा पालिकाका उपाध्यक्ष वनस्तम थिङले आगामी आर्थिक वर्षका लागि प्रस्तावित वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्नुभएकोमा सर्वसम्मत पारित भएको हो ।

पालिकाले आगामी आर्थिक वर्षका लागि ५९ करोड ९५ लाख २५ हजार रुपैयाँ बजेट ल्याएको छ । पालिकालाई केन्द्रबाट अनुदान मार्फत ४२ करोड ५९ लाख ७० हजार रुपैयाँ र प्रदेशबाट ७ करोड ७९ लाख ३२ हजार रुपैयाँ प्राप्त भएको थियो । गाउँपालिकाले पालिकामा बसाई सरेर आउने परिवारलाई घर निर्माण गरिदिने भएको छ । "सुन्दर समाज हाम्रो सार, बसाई सरी आउनेलाई घर उपहार" भन्ने नाराका साथ पालिकाले उक्त नीति ल्याएको उपाध्यक्ष थिङले बताउनुभयो । उहाँले भन्नुभयो, "राक्सिराङ गाउँपालिकामा बाहिरबाट जो-कोही परिवार बसोबास गर्ने गरी आएमा पालिकाले घर बनाइदिन्छौं, अहिले मान्छेहरु सहरतिर मात्रै आकर्षित भइरहेको बेला गाउँ नै खाली होला भन्ने डर भएकोले यो नीति ल्याएका हौं ।" पालिकाले बसाई सरी आउनेलाई २ कोठे घर निर्माण गरिदिने उहाँले बताउनुभयो ।

पालिकाले शिक्षातर्फ १५ करोड ७२ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । पालिको एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गर्ने, गाउँपालिका क्षेत्रभित्र सञ्चालित दश जोड दुई सञ्चालित विद्यालयहरुलाई आवश्यक पूर्वाधारका लागि अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिने र सामुदायिक विद्यालयहरुमा ईन्टरनेट सेवा विस्तार गरिने भएको छ । यस्तै विपन्न, दलित, चेपाङ छात्रा, बुहारीहरुको शिक्षामा सहज पहुँच र प्राविधिक शिक्षामा प्रोत्साहन गर्न विभिन्न छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने भएको छ ।

पालिकाले आर्थिक विकासतर्फ ३ करोड ७४ लाख रुपैयाँ विनियोजन गरेको छ । यस्तै कृषितर्फ १ करोड ७२ लाख बजेट विनियोजन गरेको छ । पालिकामा उत्पादन हुन सक्ने तुलनात्मक लाभका नगदे बालीहरु कफी, अलैची, ओखर, चिया, काजु, कुरिलो लगायतको उत्पादन सम्बन्धी सम्भाव्यता अध्ययन गरी नगदे बाली विस्तार कार्यक्रम सञ्चालन गरिने जनाएको छ । यस्तै माटो परीक्षण प्रयोगशाला सेवा विस्तार गर्दै वडास्तरमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिने भएको छ । यस्तै पालिकामा निर्माणाधिन चेपाङ संग्रहालय, कोसेलीघर निर्माण सम्पन्न गराएर सो समुदायको पुरातात्विक महत्वका थप वस्तुहरुको संकलन एवम संरक्षण गरिने भएको छ ।

यस्तै स्वास्थ्यतर्फ ४ करोड ७० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । पालिकाभित्र बसोबास गर्ने विपन्न घरपरिवारहरुलाई ७५ प्रतिशत अनुदानमा स्वास्थ्य बीमा कार्यक्रममा समावेश गराई गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गर्न स्वास्थ्य बीमा अनुदान कार्यक्रमलाई निरन्तरता दिने भएको छ । यस्तै गाउँपालिका अन्तर्गतका वडाहरुबाट राक्सिराङ आधारभुत अस्पतालसम्म निःशुल्क स्वास्थ्य बस सेवा सञ्चालन गरिने भएको छ । पालिकाले पूर्वाधार विकास विकासतर्फ ७ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।

मकवानपुरका ७ पालिकाले आज नीति तथा कार्यक्रम प्रस्तुत गर्दै

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाका ७ वटा पालिकाले आज आइतबार आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्दैछन् । हेटौँडा उपमहानगरपालिका, कैलाश गाउँपालिका र राक्सिराङ गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरिसकेका छन् ।

असार १० गतेसम्म देशैभरका स्थानीय तहहरुले संवैधानिक प्रावधानअनुसार आगामी आर्थिक वर्षका लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नुपर्ने व्यवस्था छ । शनिबार दिउँसो १ बजे मकवानपुरगढी गाउँपालिकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने भएको छ । गाउँपालिकाले अनुमानित ६२ करोड २५ लाख रुपैयाँको बजेट ल्याउने पालिकाकी उपाध्यक्ष मानकुमारी पाखिन नेपालीले बताउनुभयो ।

चालु आर्थिक वर्षको भन्दा आगामी आर्थिक वर्षको बजेट घटेर आउने उहाँले बताउनुभयो । चालु आर्थिक वर्षका लागि ६७ करोड ६७ लाख बजेट विनियोजन भएको थियो । यसपटक संघीय र प्रदेश सरकारबाट पनि बजेट घटेर आएसँगै पालिकाको पनि बजेट घट्ने भएको उहाँले बताउनुभयो । यसपटक उत्पादनकेन्द्रित बजेट आउने उहाँले बताउनुभयो । कृषि क्षेत्रलाई लक्षित गरेर साना किसानहरुलाई उत्पादनमा आधारित अनुदानहरु वितरण गरिने पाखिनले बताउनुभयो ।

थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले आइतबार बिहान ११ बजे हुने अधिवेशनमा आगामी आर्थिक वर्षका लागि ९८ करोड रुपैयाँ बराबरको बजेट ल्याउने बताउनुभयो । चालु आर्थिक वर्षमा पालिकाले १ अर्ब ८ करोड रुपैयाँ बजेट विनियोजन गरिएकोमा आगामी आर्थिक वर्षमा भने बजेट घटेर आउने भएको उहाँले बताउनुभयो । पालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएर नीति तथा कार्यक्रम ल्याउने उहाँले बताउनुभयो ।

यस्तै, मनहरी गाउँपालिकाले आइतबार बिहान ११ बजे बस्ने बैठकमा ९० करोड रुपैयाँ बराबरको बजेट ल्याउने तयारी भएको पालिकाकी उपप्रमुख सीता पुलामी मगरले बताउनुभयो । चालु आर्थिक वर्षमा ९८ करोड बजेट विनियोजन भएकोमा यसपटकको बजेट घटेर आउने भएको हो । पालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर कार्यक्रम ल्याउने उपाध्यक्ष मगरले बताउनुभयो ।

बागमती गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ६४ करोड रुपैयाँ बराबरको बजेट ल्याउने पालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिनाले बताउनुभयो । पालिकाले आगामी आर्थिक वर्षका लागि कृषि उत्पादनलाई प्राथमिकता दिएर कार्यक्रम ल्याउने उहाँले बताउनुभयो ।

यस्तै, बकैया गाउँपालिकाले आइतबार आगामी आर्थिक वर्षका लागि अनुमानित ७६ करोड रुपैयाँको बजेट ल्याउने तयारी गरेको छ ।

हेटौंडाको दुई वडामा रास्वपा

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाको दुईवटा वडामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को संगठन विस्तार भएको छ । शनिबार हेटौँडाको ९ र ४ नम्बर वडामा रास्वपाको कार्यसमिति चयन भएको हो ।

रास्वपा मकवानपुर सभापति भरत पराजुलीको प्रमुख आतिथ्य तथा नगर उप-सभापति सपना कँडेलको सभाध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो । ९ नम्बरको सभापतिमा सोवित दवाडी चयन हुनुभएको छ । उपसभापतिमा सौगात थापा र सचिवमा दिनेश खड्का चयन हुनुभएको छ ।

कार्यसमिति सदस्यमा रामकृष्ण थापा, यदुप्रसाद खनाल, विकास चौलागाई, कृषला सापकोटा, सृष्टी रेग्मी, सोभित नेपाल र माधव बराल चयन हुनुभएको छ । सल्लाहकारमा केआई सिंह श्रेष्ठ, ओमप्रकाश मल्ल र केशर परमानन्द रहनुभएको छ ।

यस्तै, ४ नम्बर वडा सभापतिमा रामहरि प्रसाई चयन हुनुभएको छ । उपसभापतिमा सरस्वती श्रेष्ठ र सचिवमा प्रीति पौडेल चयन हुनुभएको छ । कार्यसमिति सदस्यमा रमन मैनाली, मेनुका पौडेल, जीवन गीरी, गोविन्द मैनाली, उज्वल खरेल, रेजिना पन्त, सिर्जना पोखरेल र विवेक शर्मा रहनुभएको छ । समिति सल्लाहकारमा शिवराम बर्तौला, नवराज थापा, अर्जुन पौडेल रहनुभएको छ । रास्वपाले संगठन विस्तार तिब्रताका साथ अगाडि बढाइरहेको छ । आइतबार मकवानपुरगढी गाउँपालिकामा कार्यसमिति चयन गर्दैछ ।

नेपाल साफ च्याम्पियनसिपबाट बाहिरियो

समाज संवाददाता

हेटौँडाः भारतसँग पराजित भएपछि नेपाल साफ च्याम्पियनसिपको समूह चरणबाटै बाहिरिएको छ । भारतसँग हारको श्रृंखलाले लगातार चौथो खेलसम्म निरन्तरता पाउँदा नेपाल १४ औं संस्करणको साफ च्याम्पियनसिपको समूह चरणबाटै बाहिरिएको हो । शनिबार भारतसँग २-० को नतिजामा पराजित भएपछि साविक उपविजेता नेपालले एक खेलअघि नै समूह चरणबाट बाहिरिएको हो । भारतको जितमा ६१ औं मिनेटमा सुनिल क्षेत्री र ७० औं मिनेटमा महेश सिंह नाओरेमले गोल गरे ।

६१ औं मिनेटमा साहल अब्दुल सामदको क्रसमा सुनिलले ट्याप इन गोल गरे । भारतका लागि उनको यो ९१औं अन्तर्राष्ट्रिय गोल हो भने जारी साफमा चौथो गोल हो । ७० औं मिनेटमा सुनिल क्षेत्रीको प्रहार नेपालका गोलकिपर किरणकुमार लिम्बुले पूर्णरुपमा बचाउन नसक्दा बारमा लागेर बाउन्स भएको थियो ।

त्यसैमा नेपाली डिफेण्डरले क्लियर गर्न नसकेको बलमा महेश सिंह नओरेमले हेडमार्फत गोल गर्दै भारतको अग्रता दोब्बर पारे । त्यसपछि नेपालले खेलमा फर्कने प्रयास गरेपनि सफल हुन सकेन र पराजित भयो । साफ च्याम्पियनसिपको इतिहासमा नेपालले भारतसँग अहिलेसम्म खेलेका ९ मध्ये ८ खेलमा पराजय ब्यहोरेको छ ।

प्रदेश कर्मचारीको दुईदिने फुटसल

९ लाख खर्च, उपाधि वन मन्त्रालयलाई

samriddhasamaj.com

समाज संवाददाता

हेटौँडाः आर्थिक वर्षको अन्तिम महिना चलिरहेको छ । सरकारले खर्च धान्न मुस्किल भइरहेको बताइरहँदा बागमती प्रदेश सरकारको ११ वटा मन्त्रालयका कर्मचारीबीच २ दिन आयोजित फुटसल प्रतियोगितामा ९ लाख रुपैयाँ खर्च भएको छ । अन्तरमन्त्रालय फुटसल प्रतियोगिता उपाधि वन तथा वातावरण मन्त्रालयले जितेको छ ।

प्रतियोगितामा सहभागी ११ वटा मन्त्रालयका १ सय १० जना कर्मचारीका लागि १५ सयका दरले जर्सी, २ हजार दरका बुट, ७ सय दरका मेडल, ४० हजार रुपैयाँ पुरस्कार राशी, बिहान खाजा, खाना, फुटसल कोर्टको भाडा २० हजार रुपैयाँ खर्च भएको परिषद्का निमित्त प्रमुख देवनारायण चौधरीले जानकारी दिनुभएको छ । प्रतियोगिताको उद्घाटन शुक्रबार बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मुक्तानले गर्नुभएको थियो ।

शनिबार बिहान भएको फाइनल खेलमा भौतिक पूर्वाधार विकास मन्त्रालयलाई ९-१ गोलअन्तरले पराजित गर्दै वन मन्त्रालय विजयी भएको हो । विजेता बन्दै वन तथा वातावरण मन्त्रालयले नगद २५ हजार रुपैयाँसहित सिल्ड, मेडल, प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता बनेको भौतिक पूर्वाधार विकास मन्त्रालयले नगद १५ हजार रुपैयाँसहित सिल्ड, मेडल, प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा सहभागी भएका प्रत्येक समुहका खेलमा म्यान अफ द म्याचलाई ट्रफी प्रदान गरिएको छ ।

प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा बागमती प्रदेशका मन्त्रालयमा कार्यरत निजामति कर्मचारीबीच फुटसल प्रतियोगिता भएको थियो । प्रतियोगितामा प्रदेशका मन्त्रालयबाट ११ समुहको सहभागिता रहेको थियो । खेल हेटौँडा-४, कमलडाँडास्थित फुटसल कोर्टमा भएको थियो ।

हेटौंडा कृषि बजार
हेटौंडा-४, मेनरोड
सूचना सूचना सूचना
यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।
सेवाहरु
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने ।
(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)
सम्पर्क: ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९
स्टल सिमित छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

सम्पादकीय

मनसुनी प्रकोपबाट बचौं

नेपालमा मनसुनी प्रणाली देशभर फैलिइसकेकाले यस वर्षको मनसुन सुरु भइसकेको छ । नेपालमा सक्रिय हुने ग्रृष्मकालीन मनसुनले अत्यधिक वर्षा गराउँछ । सामान्यतया: असार–साउनलाई मनसुन बढी सक्रिय भएर धेरै वर्षा हुने मुख्य समय मान्ने गरिएको छ । तर, नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ हो । यस वर्ष एक दिन ढिला अर्थात् जुन १४ तारिख (जेठ ३१ गते) मनसुन भित्रिएको थियो । पूर्वी नेपालबाट भित्रिएको मनसुनी प्रणाली शुक्रबारदेखि देशभर फैलिएको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । सरदर मितिभन्दा एक दिन ढिला नेपाल प्रवेश गरेको मनसुन ९ दिनपछि देशभर फैलिएको हो । देशभर मनसुन फैलिएको र सक्रिय अवस्थामा रहेकाले आगामी तीन दिनसम्म देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुने महाशाखाले जारी गरेको बुलेटिनमा उल्लेख छ । देशका ७ प्रदेशमध्ये मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षा तथा एक–दुई स्थानमा अति भारी वर्षा हुने पूर्वानुमान महाशाखाले गरेको छ ।

बंगालको खाडीबाट सुरु भई नेपालको पूर्वी भागबाट प्रवेश गर्ने ग्रृष्मकालीन मनसुनले झण्डै १ सय १० दिनसम्म मुलुकका सम्पूर्ण भू–भागमा वर्षा गराउने गर्छ । अत्यधिक वर्षाका कारण मनसुनको समयमा बाढी, पहिरो, भूक्षयको सम्भावना हुने भएकाले सतर्कता अपनाउनु आवश्यक छ । मनसुन भित्रिएको केही दिनमै पूर्वी नेपालमा परेको अविरल वर्षाले ताप्लेजुङ, पाँचथर र संखुवासभा जिल्लामा ठूलो क्षति गरेको छ । असार महिनाको पहिलो सातामै बाढीपहिरोबाट १० जनाको मृत्यु र २६ जना बेपत्ता भएका छन् । असार २ गते रातिदेखिको अविरल वर्षा, बाढी र पहिरोका कारण १० उत्पन्न भएका विपदका घटनामा १० जनाको मृत्यु हुनुका साथै ६ जना घाइते भएका थिए । सोही घटनामा २६ जना बेपत्ता र ५४ घर पूर्णरुपमा क्षति भएको थियो । वर्षासँगै पूर्वी नेपालका विभिन्न खोलामा आएका बाढीले पक्की पुलहरु बगाएपछि ताप्लेजुङ र पाँचथरबीच यातायात अवरुद्ध एको थियो । बाढीले केही जलविद्युत् आयोजनाहरुमा पनि क्षति पुगेको छ ।

समयमै मनसुन सुरु हुँदा किसानको जीवनमा खुशीयाली ल्याउँछ । मनसुन सुरु हुँदा किसानहरु जति हर्षित हुन्छन्, मनसुनसँगै आउने बाढी, पहिरो, डुबान तथा कटानका कारण धेरै नेपालीमा डर र त्रास पनि उब्जन्छ । त्यतिमात्र होइन, मनसुनसँगै विभिन्न रोगको संक्रमण पनि बढ्दछ । मुलुकको खेतीयोग्य जमिनको आधा भागमा पनि सिंचाई सुविधा पुर्‍याउन नसकिएका कारण अधिकांश नेपाली कृषक खेतीपातीका लागि आकाशे पानीमै भर पर्नुपर्ने अवस्था छ । यसकारण मनसुनको विशेष महत्व छ । असारको पहिलो हप्ताबाटै ग्रृष्मकालीन मनसुन नेपाल प्रवेश गरेको हुँदा देशका विभिन्न भागमा वर्षा भइरहेको छ । मुलुकको पहाडी क्षेत्रमा कमजोर भूधरातल भएका कारण पहिरोको जोखिम बढी हुने गर्दछ । पहाडी क्षेत्रमा विकासका संरचना निर्माण गर्दा भौगर्भिक अध्ययन नर्दा त्यसले ठूलो जोखिम बढाइरहेको छ । सडक, पुल, जलविद्युत्, सिंचाईलगायत पूर्वाधार निर्माण गर्ने क्रममा पर्याप्त अध्ययनबिना जथाभावी अवैज्ञानिकरुपमा जमिन खल्बल्याइँदा र वन विनाश गरिँदा भूक्षयको जोखिम बढाएको छ । वर्षासँगै आउने बाढी–पहिरोले जमिन बगाउने, भत्काउने र बस्ती नै सखाप पार्ने समस्या बारम्बार भोगनुपरेको छ ।

कमजोर भौगोलिक धरातलका कारण वर्षाको समयमा बाढी, पहिरोले प्रभाव पार्नु स्वभाविक हो । तर, असुरक्षित बसोबास, अव्यवस्थित खेती प्रणाली, अनियन्त्रित वन विनाश, भूमिको जथाभावी उपयोग, अवैज्ञानिक विकास निर्माणका कार्यजस्ता मानवीय कमजोरीकै कारणले पनि भूक्षय तथा बाढी, पहिरोको जोखिम बढ्दो छ । बाढी, पहिरोले पहाडी क्षेत्रका खेतीयोग्य जमिन र गाउँबस्ती पुर्ने तथा बगाउने गर्दा बर्षेनि थुप्रैले घरबार विहीन हुनुपर्छ । पहाडका खोला, नदी बग्दै तराईमा पुग्ने भएकाले पहाडमा बाढी, पहिरो आउँदा तराईमा डुबान र कटानको समस्या निम्तन्छ । मनसुनी प्रकोपबाट बच्न प्रकृतिमाथि मानिसले गर्ने अवैज्ञानिक क्रियाकलाप नियन्त्रणसँगै सम्भाव्य मनसुनी प्रकोपको पूर्वानुमान गरेर सावधानी अपनाउन सकेमा यस्ता प्रकोपका कारण हुने क्षति कम गर्न सकिन्छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय ५२०४९५
जिल्ला प्रहरी कन्ट्रोल १००
ट्राफिक प्रहरी १०३
वडा प्रहरी ५२०२९९
पशुपतिनगर इलाका ५२०५९८
मनहरी इलाका ९८५५०९०१६१
भीमफेदी इलाका ६९१४६२
पालुङ इलाका ६२०४६७
फापरबारी इलाका ६२१९८०
चित्लाङ इलाका ६२१०००
वारुण यन्त्र १०१
बालबालिका खोजतलास केन्द्र १०४
बाल हेल्पलाइन १०९८
हेलो सरकार ११११
नेपाल टेलिकम सोधपुछ १९७

तपाईको राशिफल

पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : सीप र ज्ञान बढाउने समय योग रहेको रहको छ ।
वृष : घमण्ड र अहंकार त्याग गर्दा राम्रो रहला ।
मिथुन : प्रतिष्ठा र धनधान्यमा वृद्धि हुने समय छ ।
कर्कट : लेखाइ– पढाइ मध्यमकारक रहने योग छ ।
सिंह : धार्मिक कृत्यका काममा सरिक भइएला ।
कन्या : जनसम्पर्कको दायरा बढ्ने समय योग छ ।
तुला : मनोबलमा कमी कमजोरी आउने योग छ ।
वृश्चिक : सामाजिक काम मध्यमकारक नै मान्नुपर्ला ।
धनु : वैदेशिक क्षेत्रका कामबाट हानि प्राप्त होला ।
मकर : परीक्षा प्रतियोगितामा सफलता प्राप्त होला ।
कुम्भ : धार्मिक र सामाजिक काममा सरिक भइने योग छ ।
मीन : भेटघाटमा समय व्यतित हुने समय योग छ ।

गोसाईकुण्ड यात्राको झलक

✍ **जयन्ती आचार्य**

प्रकृतिको उपज मानिस हरपल प्रकृतिको काखमा रमाउन लुटपुटिनै चाहन्छ । यस्तै क्रममा लामटाङ हिमालको सुन्दर काखमा लुटपुटिने रहर मलाई पनि जाग्यो । तिनै रहरलाई सार्थकता दिँदै प्राकृतिक एवम् धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थान ओगटेको गोसाईकुण्डको यात्राको तयारी भयो ।

सर्वप्रथम त यात्राको सुरुवात, मोटरसाइकलबाट गरौं भने हाम्रो विचार थियो । तर उच्च पहाडी बाटो र गाडी पश्चात् लगातार हिड्नुपर्ने हुनाले गाडीमा जाँदा नै सहज हुन्छ भन्ने सल्लाह अनुसार हामीले गाडीमा धुन्सेसम्म पुग्ने त्यसपछि पैदल यात्रा गर्ने निर्णय गर्‍यौं ।

यात्रामा निस्किनका लागि विनोद महत दाइ भाउजु, नरहरी महत दाइ भाउजु र हामी दुई जना र चितवनबाट बहिनी पनि सँगै जाने निर्णय भयो । गाडीको व्यवस्था हामीले नै गर्‍यौं । यात्रा करीव चारदिन लाग्ने हुनाले मैले पनि स्कुलमा दुई दिनको विदा अनि दुई दिन सार्वजनिक विदा पर्ने गरी चारदिन विदाको चाजोपाजो मिलाएँ । यात्राका लागि आवश्यक पर्ने औषधि सातु र चकलेट जस्ता सामग्रीको व्यवस्था मेरो श्रीमान् गोकर्ण सुवेदीले गरिसक्नु भएको थियो ।

गोसाईकुण्डको यात्रा असहज र कष्टपूर्ण हुन्छ भनेत कतिको भनाइले मनमा चसक्क पारे पनि मेरो मन भने कता कता खुसी र आनन्दको अनन्त आकाशमा घुम्दै थियो । २०८०/०२/१२ गते विहान ५ वजे नै यात्रामा निस्किनु पर्छ भन्ने हाम्रो योजना थियो त्यसै अनुरुपमा हामी दुईले आ(आफ्नो झोलामा यात्राका लागि आवश्यक पर्ने मालसामान कैद गर्‍यौं वेलुका अबेलासम्म सरसामान मिलाएर सुत्यौं । विहान ३:४५ मा नै निद्रा खुलेकाले उठेर आफ्नो नित्यक्रर्म सकाएँ र यात्राको लागि तयारी भएँ । विहान ५ वजे नै हिड्ने भनेको यात्रा त नरहरी दाइ हर्नामाडीबाट आउन ढिला हुने हुनाले ६ बजे हिँड्ने भन्ने कुरा भयो ।

६:१५ मा हामी घरवाट निस्कियौं विनोद दाइको घरबाट विनोद दाइलाई लिई नरहरी दाइको घर पिप्लेसम्म पुग्यौं । नरहरी दाइलाई केहीबेर कुरेर उहाँलाई लिएर हामी आफ्नो बाटोतर्फ लाग्ने सुर गर्‍यौं यसैक्रममा शिवराज बाबुको आफ्नो गाडी बिग्रिएको र बनाउनको लागि सामान विरगन्जबाट मलेखुसम्म पुर्‍याउनु पर्ने कुरा आयो हेटौंडावाट हिँडेका हामी नवलपुर चुरेहिल अस्पतालमा पुग्दा रोकियौं । त्यतिवेला सम्म ७:३० बजिसकेको हुनाले ८:३० वजे सम्म कुरेर सामान लिएर जाने निर्णय भयो । ८:४५ बजे गाडीको सामान पनि आयो अनि हामी आफ्नो गन्तव्यतिर लाग्यौं । १०:३० मा हामी चितवन पुग्यौं त्यहाँबाट बहिनी कल्पना सुवेदीलाई चढाई अगाडि बढ्यौं । पारिवारिक र व्यक्तिगत कुरामा गफिँदै हामी अगाडि बढ्यौं । जुनक्रममा विनोद दाइको ठट्यौली र नरहरी दाइको विद्वतापूर्ण अभिव्यक्तिले यात्रा रोचक बन्दै थियो । दिउँसोको १ वजे हामी गल्छी पुग्नु अगाडि विनोद दाइकी श्रीमती रोश्नी भाउजू काठमाण्डौंवाट आएर हामीलाई समेत होटेलमा खाना तयार गराई बसिरहनु भएकाले जाना साथ खाना खायौं र फेरि गन्तव्यतिर मोडियौं मैले हेटौंडावाट नारायणघाट हुँदै काठमाण्डौंसम्मको यात्रा गरेको भए पनि गल्छीबाट उकालो लागि नुवाकोटतिरको यात्रा भने मेरालागि अत्यन्त नयाँ एवम् पृथक थियो । त्यसो त गोकर्ण सुवेदीजी पनि वर्षमा एक दुई पटक प्रकृतिको काखमा डुबुल्की मार्दै पैदल यात्रामा रमाउने भएतापनि यो बाटो भने उहाँको लागि पनि नितान्त नयाँ थियो । गल्छीबाट बटार अनि त्रिशुली बजार हुँदै करिब तीन घण्टापछि बेलुका चार बजे हामी धुन्से बजार पुग्यौं । गाडीलाई व्यवस्थापन गरी उकालो लाग्दा बोक्नुपर्ने सरसामान एउटा एउटा लौरो वोकी हामी पैदल यात्रामा लाग्यौं । पैदल यात्रा सुरु गर्दै गर्दा ओरालो झरी आएका यात्रीको दु:ख देख्दा मन चसक्क पनि हुँदै थियो तर पनि भगवानले तँ आँट म पुर्‍याउछु भन्छन् भन्दै हामी अगाडि बढ्यौं ।

पैदल यात्राका क्रममा सबैभन्दा पहिला घट्टेकुलो भन्ने ठाउँ आयो । सुन्दर प्रकृति साच्चै स्वर्गको टुक्रा झैँ लाग्ने लामटाङ हिमालको काखमा रहेको यो स्थल प्रकृतिको मनोरम स्थल थियो । हिँड्ने त डाँडापाखा नै रहेछ, उकालो बाटो स्यास्या र सुँसुँ गर्दै प्रकृतिको छटा हेर्दै उकालो लाग्यौं । बाटोमा अनेक यात्रीसँग जम्काभेट भयो बाटोमा एउटा ठुलो झरना पनि रहेछ हामी भने फर्किदा मात्र त्यसलाई हेर्ने निर्णय गरी अगाडि बढ्दै जाँदा एक घण्टाको यात्रापछि एकै छिन सुस्तायौं । त्यही सबैले कालो चिया पियौं । सुरुको यात्रा त्यसमा पनि उकालो गोडाले आराम गर भनिरहेको थियो भने पश्चिमतिर ओरालो लागेको घामले उठ् अब बसेर हुँदैन गोसाइकुण्डको यात्रामा निस्केको यात्रीले यति चाँडै थकाइको अनुभूति गर्न सुहाउँदैन । साच्चै नै हो समुन्द्रको पिँधको मोतीको अपेक्षा गर्नेले पानीमा डुबुल्की मार्न तयार हुनुपर्दछ ।

रसुवा, नुवाकोट, सिन्धुपाल्चोक देखि चीन सम्म फैलिएको लामटाङ राष्ट्रिय निकुञ्जले पूर्वमा सुनकोसी र पश्चिममा त्रिशुली नदीलाई सिमाना बनाएको छ । कोणधारी वनस्पतिमा पनि एकमात्र पतझर सल्ला (लामटाङ, सल्ला), सेतोगुँरासको साथै रेडपाण्डा, हिमचितुवा, भालु आदि जनावर समेत पाइने यो निकुञ्ज प्राकृतिक एवम् जैविक विविधतामा सम्पन्न ।

पहिलो बसाई पछि हामी पुन: गन्तव्य तिर लाग्यौ । उकालो बाटोले हामी सबैको जीवनको सङ्घर्षलाई प्रष्ट्याई रहेको थियो । कोही सजिलै चढ्दै थिए तर कोहीले अत्यन्त सङ्घर्ष करिब दुई घण्टापछि बेलुकाको ७:१५ मा हामी खिन्दी भन्ने ठाउँ जुन त्यसबाटोको पहिलो बास बस्ने स्थान थियो त्यही पुग्यौं । हामीले पनि त्यही रात कटाउने निर्णय गरी बास बस्यौं । भोक र थकानले हो वा चिसो हावापानीले खाना निकै मिठो भयो । भोलि बिहान चाडै हिड्नु पर्ने भएकाले चाडै नै हामीले आ–आफ्नो ओछ्यान बतायौं । भोलिपल्ट बिहान तातो चियाको चुस्की पश्चात् ६:१५ मा २३०० मिटरको उचाईलाई छाडेर सामुहिक तस्वीर खिचेर बाटो ततायौं । खिम्दीबाट उकालो चढेपछि २५०० मिटरको देउराली भन्ने ठाउँमा पुगियो । केही बेर त्यही सुस्तायौं र फेरि अगाडि बढ्यौं ।

देउरालीबाट अगाडि बढ्ने क्रममा कयौं पदयात्री ओर्लदै र कयौं चढ्दै गरेको दृश्य छर्लङ्ग थियो । यस विचमा कतिपय यात्री घोडामा सवार भएको दृश्य देख्दा मलाई भने लक्ष्मी प्रसाद देवकोटाको कुन मन्दिरमा जान्छौं यात्री ...... भन्ने गीतले चिमोटिरहेको थियो ।

करिव दुई घण्टाको हिडांइ पछि धिम्सा भन्ने ठाउँमा पुग्यौं । अगाडि जाने साथीहरुले चिया खाजा खाइसकेका थिए भने हामीले पनि खायौं र १५/२० मिनेट सुस्ताएर फेरी अगाडि बढ्यौं । २९०० मिटरको उचाईमा धिम्सालाई छोडी चन्दनवारी तिर लम्कियौं डेड घण्टाको हिँडाई पछि चन्दनबारी पुगियो । त्यहाँ डिडिसीको दूध प्रशोधित केन्द्र र नेपाली सेनाको व्यारेक समेत रहेछ । छोरोले घरबाट हिँड्नु पूर्व नै त्यहाँबाट चौरीको चिज र छुर्पी ल्याउनुहोला भनी अनुरोध गरेको थियो तर हामीले फर्किने बेलामा किन्ने विचार गरी बिहानको खानाको जो गर्न तिर लाग्यौं । अरु साथीहरुले खाना नै खाने निधो गर्नुभयो भने हामी दुईले सुपमात्र खायौं । बहिनीलाई भने लेक लाग्न सुरु भइसकेकाले केही नखाने टुङ्गोमा पुग्नु भयो । सङ्गीता भाउजूले पनि धेरै थकानको अनुभूति मात्र होइन जबरजस्ती आफ्नो शरीरलाई धिसारी रहनु भएको थियो ।

चन्दनबारीबाट उकालो लाग्दैगर्दा बाटोमा देखिने अग्ला सल्लाको रुख र सेतै फुलेका लाली गुराँसले मनलाई तान्दै थियो भने स्वर्ग मित्थ्या हो भने यथार्थ मेरो देश स्वर्ग हो भन्ने भाव झल्किरहेको थियो । चन्दनबारीबाट चोलाङपाटीसम्म पुग्नेबाटो सहज थियो तर बहिनीलाई भने निकै गाह्रो भयो । चोलाङपाटीमा केही बेर विश्राम गरी बहिनीलाई घोडामा चढाई हामी लौरी बिनाको उकालो लाग्यौँ । दिनभरिको थकानले हामीलाई गाँजी सकेको थियो । सुस्त सुस्त सुस्ताउँदै प्रकृतिको कुवामा ढुबुल्की मार्दै हामी ४ बजे ३९०० मिटर उचाइमा रहेको लौरीविना पुग्यौं । अरु साथीहरु पुगिसकेकाले त्यही बस्ने चाजोपाजो समेत मिलाई सकेका रहेछन् । सिमित होटेल वा अत्यन्त चिसो वातावरणका साथै अत्याधिकयात्रीका कारण बस्न अत्यन्त कठिन पर्ने रहेछ । एउटै कोठामा पाँच छ जनासम्म बस्नुपर्ने हुनाले अक्सिजनको अभाव हुँदो रहेछ । जसरी भए पनि रात कटाई भोलिको यात्राको तयारी गर्नुपर्ने हुनाले बेलुका ६ बजे नै खानापिनामा लाग्यौं । दिउँसो भरीको थकानले हो या त्यहाँको खाना नै त्यस्तै खाना पनि राम्ररी रुचेन बेलुका ७ वजे नै हामी निन्द्रा देवीलाई पुकार्न थाल्यौं । उकुसमुकुस एकतातिर थकान अर्कातिर जसोतसो के सुतेका थियौं । रातिको नौ बजे सङ्गीता भाउजूलाई ज्वरोले सतायो फेरि उठेर उहाँलाई तातो पानी र औषधि खुवाएँ बिहान ३ बजे नै निन्द्रा खुल्यो । शौचालय जम्मा दुई ओटामात्र भएकाले लाइन बस्नु पर्‍यो । सवैले नित्यकर्म सक्यौं । संङ्गीता भाउजूलाई सन्चो भयो हामी कालो चियापान गरी विहानको ५ वजे फेरि उकाली लाग्यौं । करिब १ घण्टा पछि बुद्ध स्तुपा पुग्यौं । रातभरि पानी परेकाले वरिपरि हिउँले ढाकिएको दृश्य निकै मनमोहक थियो । यही क्रममा मैले लेकका हामी केटाकेटी भन्ने गीत स्मरण गर्दै त्यहाँका मानिसहरुको कष्टकर जीवन शैली सजिलैसँग पढ्ने मौका पाए । एकदिन घुम्न जानेलाई यो आहाँ १ओहो १ सबैको कष्टकर जीवन शैली आफ्नै भोगाइमा ४००० मिटर उचाईमा रहेको गुम्बावाट अत्यन्त सुन्दर दृश्य देखिँदो रहेछ । अबको यात्रा भन्ने सहज हुन्छ भन्ने आशाको साथ दायाँ वायाँको हिउँलाई छुँदै अगाडि बढिरह्यौं । अन्तत विहानको ७ वजे गोसाइकुण्ड जसका दर्शनका निम्ति घरबाट निस्किएका थियौं । त्यहाँ तेस्रो दिन पुग्यौं ४३८० मिटर उचाइमा अवस्थित प्रकृति नै खनिए जस्तो लाग्ने शान्त कुण्डले हरेक मानसपटललमा रहेको दम्भलाई थिच्दै शान्ति र प्राकृतिक सुन्दरताको यथार्थ वोध गराई रहेको थियो । निश्चल निर्मल, कन्चन कुण्डले हरेक मानवमा निर्मलता निश्चलता भर्दै थियो । केहीबेर सुस्ताएर हामीले पनि स्नान पूजापाठ, जपध्यान समेत गयौं । केहीबेर तस्बिर खिचेर नास्ता खायौं । नास्ता त्यति मिठो लागने त्यसैले पेट खाली नै थियो तर पनि आफ्नो अन्तव्य टुङ्गिएकाले होला हामी तृप्त भयौं ।

विहानको १० बजे गोसाइकुण्डबाट फकियौं । विहान जाँदा ३ घण्टा लागेको बाटो त फर्कदा डेड घण्टामा नै लोरीविना आइपुगियो त्यसपछि हामी १:३० बजे चन्दनवारी आइपुग्यौं र चियानास्ता पश्चात् डि.डि.सि.को दुध प्रशोधित केन्द्रबाट चिज पनि किन्यौं र ओरालो झर्‍यौं । आफू उकालो चढ्दा आफ्नै दु:ख र थकान धेरै थियो भने ओरालो झर्दा पनि आफ्नै मानिसमा हुने असन्तोषि स्वभाव आफ्नो दु:ख नै ठुलो देख्ने मानवीय स्वभावले मलाई पनि गाँजेको थियो । उकालो चढ्दा बढ्ने दमलाई ओरालो झर्दा काप्ने गोडाले जितिरहेकै थियो । पहिलो दिन बास बसेकै ठाउँमा बास बस्ने योजनाका साथ ४ वजे चन्दनवारीबाट हिँडेका हामी बेलुका ७ वजे खिम्दीमा नै आइपुग्यौं । उत्ता केही साथीहरु भने हिँड्न नसकी देउरालीमा नै बस्न बाध्य भए । चोथो दिन बिहान ८:३० मा हामी ओरालो झर्‍यौं केही बेरको यात्रापछि घट्टेखोलाको झरनामा र मायौं र अगाडि बढ्यौं । धुन्से आइपुग्दा ११ बजिसकेको थियो त्यसपछि हेटौंडातिर लाग्यौ । बाटोमा खाना आएर अगाडि बढ्यौं बेलुका ९:१५ मा हेटौंडा आइपुगियो ।

प्रकृतिको मनोरम छटा हेरी त्यसमा मग्न हुन अनि जैविक विविधता र भौगोलिक विकटताको पहिचान गरी नेपालको दुर्गम पहाडी क्षेत्रको मानवीय जीवनशैली नियाल्न साथै गोसाईकुण्डको पवित्र जलमा डुबुल्की मारी कुण्डझैं शान्त एवम् स्निग्ध बन्न जीवनमा एकपटक पुग्नै पर्ने पाठँ रहेछ गोसाइकुण्ड ।

हेटौंडा, मकवानपुर

"बीमा र सुविधाका कारण हेटौंडा अस्पतालमा बिरामी बढे"

डा. रामचन्द्र सापकोटा
मेडिकल सुपरिटेन्डेन्ट, हेटौंडा अस्पताल

हेटौंडा अस्पताल जिल्ला अस्पतालको रुपमा देशकै उत्कृष्ट अस्पताल मध्येको एक हो । यद्यपि अस्पतालको सेवाप्रवाहका विषयमा सेवाग्राहीको गुनासो निरन्तर सार्वजनिक भइरहन्छ । यतिबेला हेटौंडा अस्पतालका कर्मचारी कटौति भएको विषय चर्चामा छ । बागमती प्रदेश सरकारअन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहतको हेटौंडा अस्पतालको करार सेवामा रहेका कर्मचारीका लागि प्रदेश सरकारले बजेट विनियोजन नगरेको विषयले चासो र चिन्ता बढाएको छ । सेवाग्राहीको बढ्दो चाप, सेवाप्रवाहमा सेवाग्राहीको गुनासो जारी रहेका बेला भएका कर्मचारी कटौति हुँदा सेवाग्राहीले पाउने सेवा प्रभावित हुने विषयमा चिन्ता बढ्नु स्वभाविक हो । यसैसन्दर्भमा समृद्ध समाज दैनिकका लागि संवददाता आरजु सत्यालले हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन डा. रामचन्द्र सापकोटासँग गर्नुभएको कुराकानी:

समाजः अहिले अस्पतालमा बिरामीको संख्या बढ्दो क्रममा छ, यसको व्यवस्थापनका लागि अस्पतालको तयारी के छ ?

सापकोटाः हेटौंडा अस्पतालमा बिरामीहरु आउने क्रम निरन्तर रुपमा बढिरहेको छ, यो सत्य हो । स्वास्थ्य बीमाको कारणले गर्दा र अस्पतालको अन्य सुविधा बढिरहेका कारणले अस्पतालमा बिरामीको भिडभाड बढि नै छ । अब यसको व्यवस्थापनका लागि तयारीको रुपमा हामीले प्रत्येक विभागहरुमा स्टाफहरुको पर्याप्त मात्रामा सुनिश्चित गरेका छौं । त्यो कारणले गर्दा हाम्रो फार्मेसी, काउन्टरदेखि लिएर इमर्जेन्सीमा कार्यरत थप कर्मचारीहरु हामीले पहिलेबाट थपेर राखेका कारणले गर्दा हामीलाई अहिलेको अवस्थामा दिनको एक हजारजति बिरामी आएको अवस्थामा अस्पतालले धान्न सक्ने हिसाबले हामीले व्यवस्थापन गरिराखेका छौं ।

समाजः यो समयमा बिरामीलाई सेवा प्राप्तिको अवस्था के छ ?

सापकोटाः सेवा प्राप्तिको अवस्थाचाहिँ आउने बिरामीको अत्यन्तै धेरै चाप भएका कारणले गर्दा बिरामी फार्मेसी, काउन्टरमा लाइन लाग्नुपर्ने अथवा डाक्टरलाई जचाउन लाइन लाग्नुपर्ने हुनसक्छ । तर, सम्पूर्ण स्वास्थ्यजाँचदेखि लिएर शल्यक्रियाका सुविधाहरु यसै अस्पतालबाट प्राप्त गर्न सकिने अवस्था छ ।

समाजः अस्पतालको कर्मचारी कटौतीको विषयबारे जानकारी दिनुहोस् न ।

सापकोटाः अस्पतालको कर्मचारी कटौती भन्नाले त्यस्तो कटौती भएको जस्तो मलाई लाग्दैन । केही ढङ्गले कटौती भए पनि प्रदेश सरकारले पहिलाकै जस्तो प्रकारले कार्मचारीको अथवा बजेट त्यही शीर्षकमा हाल्न नसकेको कुरा सत्य हो । तर, प्रदेश सरकारले केही न केही ढङ्गले पहिलाको जति कर्मचारीलाई नपुग्ने भए पनि त्यो भन्दा थोरै कम गरेर प्राविधिक कर्मचारीहरुको संख्या कटौती होइन, अप्राविधिक केही कर्मचारीहरु कटौती हुनसक्ने सम्भावना हुन्छ । त्यो अप्राविधिक कर्मचारीहरुको कटौती भए पनि हामीले अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट व्यवस्थापन गर्ने गरेर प्राविधिक कर्मचारीहरुको सरकारबाट आएको बजेट उपयोग गरेर कर्मचारीको व्यवस्थापन गर्नसक्ने अवस्था छ ।

समाजः अस्पतालमा औषधीको व्यवस्था के छ ? औषधी कताबाट आउँछ ?

सापकोटाः औषधी त हामी नियमितरुपमा, वार्षिकरुपमा टेन्डरबाट खरिद गरेर राखेका हुन्छौं । त्यो टेन्डरबाहेक हाम्रो निःशुल्क प्राप्त गर्ने औषधीहरु हामीले केन्द्रको आपूर्ति र विशेष गरेर प्रदेशको आपूर्ति केन्द्रबाट आपूर्ति गरेर कायम गर्छौं ।

समाजः अहिलेको समयमा अस्पतालको मुख्य समस्या के हो ?

सापकोटाः मुख्य समस्या भनेको चाहिँ अस्पतालको अगाडि पट्टीको बाटो बन्न भ्याएको छैन । पानी पर्ने समय छ, पानी परेपछि हिलो हुनसक्छ । अस्पतालको अर्को मुख्य समस्या भनेको अस्पताललाई स्तरोन्नति गरेर स्थायीरुपमा २ सय बेडमा अपग्रेड गर्नुपर्ने छ । यो हाम्रो माग पनि छ । हेटौंडा अस्पताललाई ५० बेडबाट प्रदेश सरकारकै मद्दतले २ सय बेडको स्थायी दरबन्दी स्वीकृति गराउनु पनि ठूलो समस्या हो ।

समाजः आगामी दिनको उद्देश्य के छ ?

सापकोटाः आगामी दिनको उद्देश्य भन्नाले अब यही अस्पतालको सेवा सुविधालाई निरन्तरता दिने, सेवा सुविधाको कटौती हुन नदिने र नयाँ सेवाहरु थप गर्ने हो । हाम्रो अस्पतालको नयाँ भवनबाट शल्यक्रिया कक्ष थप गर्नेदेखि लिएर नयाँ एनआइसीयुको सञ्चालनदेखि लिएर एमआरआइ मेशिनको सञ्चालनलगायत कुराहरु हाम्रो आगामी वर्षको कार्ययोजनाभित्र पर्ने कुरा हो ।

यौनिक तथा अल्पसंख्यक समुदायको आवाज सुनुवाई भएको छ

जमुना थिङ

हेटौंडाः बागमती प्रदेशको साझेदारी तथा फ्रेन्ड्स हेटौंडाको आयोजनामा लैङ्गीक तथा अल्पसंख्यक समुदायको अधिकार र कानुनी प्रावधानबारे अभिमुखीकरण कार्यक्रम भएको छ । यौन स्वास्थ्य, यौनिक तथा लैङ्गीक अल्पसंख्यकसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमले यौनिक तथा अल्पसंख्यक समुदायको आवाज सुनुवाईको लागि पहल भएको फ्रेन्ड्स हेटौंडाका संयोजक किरण थापाले जानकारी दिनुभयो । यौनिक तथा लैङ्गीक अल्पसंख्यक समुदायबीच सरोकार निकाय जोडिएकाले आवाज सुनुवाईका लागि पहलको महसुस भएको उहाँले बताउनुभयो । 'सरोकार निकायले नीति तथा कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वियनमा ल्याउने प्रतिबद्वता जनाएका छन्', संयोजक थापाले भन्नुभयो– 'हाम्रो समुदायको हकहित तथा अधिकारका लागि समेत सुनुवाई भएको महसुस गरेका छौं ।'

कार्यक्रमबाट यौनिक तथा लैङ्गीक अल्पसंख्यकले आफ्नो अधिकारको पहुँच कहाँ छ भन्ने कुरा बुझ्ने र बुझाउने अवसर पाएको थापाको भनाई छ । उहाँले भन्नुभयो– 'शैक्षिक निकायदेखि स्वास्थ्य निकायसम्म हाम्रो अधिकार र भावना बुझाउन सकिएको छ । आफ्नो समुदायभित्र रहेको विकृति र पिरव्यथा, समस्या सुनाउन पाएका छन् ।' समस्या धेरै रहेको र समाधानको पाटो भने नसकिएको धारणा उहाँले राख्नुभयो ।

बागमती प्रदेशमा ३ हजार ९ सय २८ जना लैङ्गीक तथा अल्पसंख्यक रहेका छन् । ३ दर्जनभन्दा बढी मकवानपुरमा खुलेर आएको थापाले जानकारी दिनुभयो । सयौंको संख्यामा यौनिक तथा लैङ्गीक अल्पसंख्यक भए पनि खुलेर आउन नसकेको उहाँले बताउनुभयो । सामाजिक लाञ्छना र विभेदले खुलेर आउन नसकेको उहाँको भनाई छ ।

१४ वर्षदेखि आफू आफ्नो सामुदायको हकहितका लागि लडिरहेको अवस्थामा पहिलाको तुलनामा परिवार, समाज र राज्यले हेर्ने नजरमा फरक आएको संयोजक थापाले बताउनुभयो । कान्तिपुरमा प्रकाशन भएको विज्ञापनका आधारमा आफूले आफ्नो समुदायको हकहितका लागि लड्छु भन्दै आवेदन दिएको उहाँले जानकारी दिनुभयो । सर्वप्रथम ब्लु डायमण्ड सोसाइटीसँग जोडिने वातावरण निर्माण गरिदिएको उहाँले स्मरण गर्नुभयो । विगतका कुरालाई सम्झँदै थापाले भन्नुभयो– 'अधिकार पाउन धेरै संघर्ष गरियो । जुन समुदायमा विगतमा गाह्रो थियो । परिवार, समाज र सरकारले बुझेको थिएन ।'

पछिल्लो समय प्रदेश सरकारले ल्याएका कार्यक्रमले परिवार, समाज र राज्यलाई बुझाएको पनि थापाले दावी गर्नुभयो । आफ्नो समुदायसँग स्थानीय तहले सहकार्य गर्ने प्रतिबद्वता जनाउँदा खुसी महसुस भएको उहाँले उल्लेख गर्नुभयो । बुझ्न चाहने र बुझ्ने व्यक्तिहरुले गर्दा विगतभन्दा वर्तमान अवस्थामा आफ्नो समुदायलाई सहज भएको उहाँको भनाई छ ।

कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका उपसचिव गोपालप्रसाद कँडेलले सबैमा सामाजिक सुरक्षाको हक रहेको दावी गर्नुभयो । यौनिक तथा अल्पसंख्यक समुदायका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरु ल्याउन प्रदेश सरकार लागिपरेको उहाँले बताउनुभयो । यो समुदायलाई हेर्ने दृष्टिकोण र अपमानजनक शब्द र व्यवहारको पुरातन कायमै रहेकाले नीतिगत तहबाटै यसलाई समाधान गर्न लागिपरेको उहाँले जानकारी दिनुभयो ।

यौनिक तथा अल्पसंख्यक समुदायले आफ्नो पहिचान पाउन नसकिरहेको अवस्थामा बिस्तारै बिस्तारै खुल्दै आएको भन्दै यो समुदायका लागि प्रदेश सरकारले नीति नै ल्याउन लागेको कारण कानुनी हिसाबले पनि बाटो खुल्ने उहाँले उल्लेख गनुभयो । राज्यको कुनै पनि तहमा कोटा प्रणालीमा पुग्ने वातावरणका लागि भूमिका खेलिरहेको उहाँको भनाई छ ।

लैङ्गीक तथा अल्पसंख्यक समुदायका अभियन्ता तथा कार्यक्रममा सहभागी रुएल सुनारले प्रदेश सरकारको साझेदारीमा सञ्चालन भएको कार्यक्रममा आफू सहभागी हुन पाउँदा खुसी लागेको बताउनुभयो । प्रदेश सरकारको कार्यक्रमलाई स्थानीय तहले पनि राम्रो प्रतिक्रिया दिएको छ । प्रत्येक जिल्लामा उक्त कार्यक्रम आयोजना गर्ने वातावरण सरकारले निर्माण गर्नुपर्छ भन्दै यौनिक तथा लैङ्गीक अल्पसंख्यक समुदायले माग राखेको उहाँले जानकारी दिनुभयो ।

आफूले यौनिक तथा अल्पसंख्यक के हो भन्ने कुरा उक्त कार्यक्रमबाट विस्तृतरुपमा बुझ्ने अवसर पाएको सुनारको भनाई छ । नेपालको संविधानमा भएका धारा, उपधारा उल्लेख गरिएका नीति तथा कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन पहल भइरहेको छ । धारा १२ मा व्यक्तिको इच्छाअनुसार नागरिकता पाउनुपर्ने, धारा १८ मा समानताको हक र सामाजिक न्यायको हक छन् ।

तर, कार्यान्वयनमा राज्यको तर्फबाट खासै काम भएको छैन । यौनिक तथा अल्पसंख्यक समुदायले सहजरुपमा नागरिकता पाउनुपर्छ भन्ने कुरा सर्वोच्चमा समेत रिट परेको जानकारी दिनुभयो । हालसम्म सुनुवाई हुन नसकेको अवस्था रहेको भन्दै समलिङ्गी विवाहलाई मान्यता दिनुपर्छ भन्ने कुरा उठान भइरहेको उहाँले बताउनुभयो ।

'समलिङ्गी पुरुष भएकै कारण आफ्नो समुदायको हकहितका लागि विगत १० वर्षदेखि आवद्व छु', सुनारले भन्नुभयो– 'हामीलाई समता चाहिएको छैन, महिला र पुरुष जसरी समान अधिकारको आवश्यक छ । अहिलेको समयमा पनि नेपालको नागरिक भएर जन्म लिएकाहरु अनागरिक भएर बस्नुपर्ने स्थिति छ । महिला र पुरुषले सहजरुपमा नागरिकता पाउने अवस्थामा हाम्रो समुदाय नागरिकता पाउन अझै नाङ्गिनुपर्ने स्थिति छ । शल्यक्रिया गरेको डाक्टरको रिपोर्ट माग गर्नेजस्ता कुराहरुले हामी अपमानित भएका छौं ।' पैसा हुनेले भारतमा गएर शल्यक्रिया गरि रहेको भन्दै पैसा नहुनेहरुलाई राज्यको उक्त नीति तथा नियमले नागरिकता पाउनबाट वञ्चित गरिरहेको उहाँले बताउनुभयो ।

यौनिक तथा अल्पसख्यंक समुदायका लागि राज्यले कानुन बनाई कार्यान्वयनमा ल्याउन जरुरी रहेको छ । सामाजिक न्यायको लागि यो समुदायलाई पनि समेटेर सरकारले ऐन बनाउन आवश्यक छ । सरकार सबैको साझा अभिभावक बन्नु पनि पर्दछ । यो समुदायका आवाज केही सनुवाई भए पनि अझै समस्याहरु उस्तै छन् । राज्यले यो समुदायका मुद्दा हेर्ने वातावरण सिर्जना गर्नुपर्दछ ।

सरकारी तवरमा कार्यान्वयन पक्ष फितलो भएकाले पनि हक अधिकारबाट वञ्चित हुनुपरेको अवस्था छ । बागमती प्रदेशका ४ जिल्लाहरु मकवानपुर, चितवन, काभ्रेपलाञ्चोक र सिन्धुलीमा विभिन्न शीर्षकमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रमबाट यौनिक तथा अल्पसंख्यक समुदाय के हो, कानुनी प्रावधान के छ भन्ने जानकारी प्राप्त भएको उहाँको भनाई छ । प्रत्येक जिल्लाबाट ५० जनाको दरले कार्यक्रममा सहभागी थिए । प्रदेश सरकारको ५ लाख रुपैयाँ बजेटबाट उक्त कार्यक्रम सञ्चालन भएको हो ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

लायन्सको आयोजनामा ३२ जनाले गरे रक्तदान

LIONS CLUB OF MAKAWANPUR HELP DESK
BLOOD DONATION PROGRAM

रक्तदान गरिँदै प्रहरी ।

समाज संवाददाता

हेटौंडाः लायन्स क्लब अफ मकवानपुर हेल्प डेस्कको आयोजनामा भएको रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन् । लायन्सको नियमित कार्यक्रम अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिएको हो । लायन्स क्लब अफ मकवानपुर हेल्प डेस्कका अध्यक्ष ध्रुवराज ढकालको अध्यक्षता तथा बागमती प्रदेश सभा सदस्य लक्ष्मी श्रेष्ठको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको थियो ।

कार्यक्रममा इलेक्ट फर्स्ट भाईस डिस्ट्रिक्ट गभर्नर टासी डोल्मा तुम्बाहाम्फे, पास्ट डिस्ट्रिक्ट गभर्नर शम्भु नकर्मीको विशेष आतिथ्य रहेको थियो । रक्तदान कार्यक्रम रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको हो ।

विश्वकप छनोटबाट बाहिरियो नेपाल

काठमाडौंः ब्याटिङ र बलिङ दुवैमा कमजोर प्रदर्शनसँगै नेपाल नेदरल्याण्ड्ससँग ७ विकेटले पराजित भएको छ र, विश्वकप छनोट प्रतियोगिताबाट बाहिरिएको छ । जिम्बाव्वे र वेष्टइण्डिडसँग हार र अमेरिकामाथि जित हात पारेको नेपाललाई सुपर सिक्समा पुग्ने सम्भावना कायम राख्न नेदरल्याण्ड्सलाई हराउनैपर्ने थियो । तर हरारेमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निकै खराब ब्याटिङ गऱ्यो ।

टिमको स्कोर ७ रन हुँदा ओपनर आशिफ शेखलाई शुन्यमै गुमाएको नेपालका लागि कुशल भुर्तेल र भीम सार्कीले दोस्रो विकेटका लागि ४६ रनको साझेदारी गरे । १४औं ओभरको पाँचौं बलमा भुर्तेल आउट भएपछि नेपालले निरन्तर विकेट गुमायो । नेपालको स्कोर ९५ रन हुँदा महत्वपूर्ण ५ विकेट गुमिसकेको थियो । त्यो बेलामा पनि दुई भरपर्दा ब्याट्सम्यान कप्तान रोहितकुमार पौडेल र दीपेन्द्र सिंह ऐरी क्रिजमा थिए । उनीहरुले पनि नेपालको पारी सम्हाल्न सकेनन् । रोहित ३१.५ र ऐरी ३३.५ ओभरमा आउट भए ।

नवौं नम्बरमा ब्याटि गर्न आएका सन्दीप लामिछानेले आठौं विकेटका लागि गुल्सन झासँग ३२ रनको साझेदारी गरे । तर बास डि लिडेले ४२औं ओभरमा झासँगै करण केसीको विकेट लिए । अन्तिम विकेटका रुपमा आउट हुनुअघि लामिछानेले केही सट खेले, दुई बाउण्ड्री पनि हाने । ४५औं ओभरको तेस्रो बलमा भान बेकले डी लिडेको हातबाट क्याच गराए । नेपाललाई सस्तैमा समेट्ने क्रममा नेदरल्याण्ड्सका लोगन भान बेकले सर्वाधिक ४ विकेट लिए भने बास डे लिडल र विक्रमजित सिंहले समान २-२ विकेट हात पारे । १६८ रनको सामान्य लक्ष्य पछ्याएको नेदरल्याण्ड्सले २७.१ ओभरमा मात्र ३ विकेट गुमाएर लक्ष्य भेट्टायो । उसको सुरुवात निकै राम्रो रह्यो । पावर प्लेमा विना विकेटको क्षतिमा ५८ रन बनाएको नेदरल्याण्ड्सका म्याक्स ओ'डाउडले १२औं ओभरको चौथो बलमा ललित राजवंशीलाई छक्का हान्दै अर्धशतक पूरा गरे । १३औं ओभरको अन्तिम बलमा सन्दीप लामिछानेले नेपाललाई पहिलो विकेट दिलाए । उनले ३० रनमा क्रिजमा रहेका विक्रमजित सिंहलाई एलबीडब्लु धरापमा पारे, जतिबेला डच टिमको स्कोर ८६ रन थियो । १५औं ओभरको पाँचौं बलमा सन्दीपले नै दोस्रो विकेट लिए । वेस्ली बर्रेसी ३ रनमा आउट भए । तर क्रिजमा टिकिरहेका म्याक्सले बास डी लिडेसँग मिलेर टिमलाई जिततर्फ डोऱ्याए ।

विपन्न परिवारलाई भट्ट परिवारद्वारा बाख्रा वितरण

बाख्रा वितरण गरिँदै ।

समाज संवाददाता

हेटौंडाः अमेरिका निवासी दीपक भट्ट र केशव भट्टका परिवारले दिवंगत बुबाआमाको स्मृतिमा हेटौंडा-१७ का एघार विपन्न परिवारलाई बाख्रा वितरण गरेका छन् । शनिबार एक कार्यक्रमका बीच भट्ट परिवारका सदस्यहरूले वडाका विपन्न परिवारलाई एक/एकवटा उन्नत बाख्राका पाठी वितरण गरेका हुन् ।

बाख्रा वितरण गर्नुहुँदै दीपक भट्टले स्थानीयको आयआर्जनमा सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । बुबाआमाकै प्रेरणाले निरन्तर सामाजिक कार्यमा लागिरहने बताउनुहुँदै भट्टले परदेशमा दुःख गरेर कमाएको रकमको केही अंश सामाजिक कार्यमा लगाउन पाउँदा आफूहरूलाई खुसी लागेको बताउनुभएको छ । सो अवसरमा हरिप्रसाद भट्टले प्राप्त सहयोगलाई सदुपयोग गर्न आग्रह गर्नुभयो । करिब २ दशकदेखि अमेरिका बस्दै आउनुभएका भट्ट परिवारले बुबा यदुनाथ भट्ट र आमा गुणकुमारी भट्टको स्मृतिमा विभिन्न सामाजिक कार्य गर्दै आएको छ ।

पदमपोखरीमा मिनी रंगशाला निर्माण हुँदै

पदमपोखरीमा मिनी रंगशाला निर्माण हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३, पदमपोखरीमा मिनी रंगशाला निर्माण कार्य हुँदैछ। हेटौंडा उपमहानगरपालिकाको २५ लाख रुपैयाँ बजेटमा मिनी रंगशाला निर्माण गर्न लागिएको हो।

ट्रसको प्यारापिट निर्माणको कार्य भइरहेको पदमपोखरी खेल मैदान निर्माण समितिका अध्यक्ष अमृत लुङबाले जानकारी दिनुभयो। उपमहानगरले विनियोजन गरेको बजेट बराबरको काम असार १५ गते भित्र सकिने उहाँको भनाइ छ।

पदमपोखरी क्षेत्रमा फुटबल खेल लोकप्रिय भएकोले मिनी रंगशाला निर्माण गर्न लागिएको र दर्शकले प्यारापिटमा बसेर खेल हेर्ने सुविधा प्राप्त गर्ने लुङबाले बताउनुभयो। ४ सय दर्शक क्षमताको ८२ फिट लम्याइको प्यारापिट निर्माण गरिँदै छ।

शिक्षक भलिबलः जीएस र नवोदय फाइनलमा

समाज संवाददाता

हेटौँडाः हेटौँडामा जारी शिक्षक भलिबल प्रतियोगितामा जीएस निकेतन र नवोदय शिशु सदन फाइनलमा प्रवेश गर्न सफल भएको छ। शनिबार हेटौँडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा जीएसले जेनिथ इन्टरनेशन बोर्डिङ स्कूललाई पराजित गर्दै फाइनल प्रवेश गरेको थियो भने नवोदयले जनप्रिय माविलाई पराजित गर्दै फाइनल प्रवेश गरेको हो।

सेमीफाइनलका दुवै खेल २-० को सोझो सेटमा सकिएको थियो। जीएसले जेनिथलाई २५-१० र २५-१८ को सोझो सेटमा पराजित गरेको हो भने नवोदयले जनप्रियलाई २५-१८ र २५-१९ को सोझो सेटमा पराजित गरेको हो। प्रतियोगिताको फाइनल खेल आइतबार दिउँसो ४ बजे हुने प्रतियोगिताका संयोजक राजाराम पोखरेलले जानकारी दिनुभएको छ। हेटौँडा उपमहानगर क्षेत्रका १५ वटा विद्यालयको सहभागिता रहेको प्रतियोगिताको उपाधि विजेताले ३० हजार नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले २५ हजार र सेमफाईनलमा हार्ने टिमलाई १५/१५ हजार प्रदान गरिने प्रतियोगिताका संयोजक राजाराम पोखरेलले जानकारी दिनुभएको छ।

अबैध पाउडर दूध बरामद

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले अबैध पाउडर दूध बरामद गरेको छ। हेटौंडा-१५ स्थित रातोमाटे चेकपोष्टबाट करिब ७० हजार रुपैयाँ बराबरको अबैध पाउडर दूध बरामद गरेको प्रहरीले जनाएको छ।

शुक्रबार बिहान ११ बजेर ३० मिनेटको समयमा जनकपुरबाट पोखरा जाँदै गरेको ग १ ख ९९२८ नम्बरको यात्रुबाहक बसबाट अबैध पाउडर दूध बरामद भएको हो। बसलाई सुरक्षा जाँच गर्दा लुकाइछिपाई ल्याएको ६८ हजार ४ सय बराबरको ९५ पिस पाउडर दूध बरामद गरेको प्रहरीले जनाएको छ। अबैध पाउडर दूध नियन्त्रणमा लिई बसलाई गन्तव्यतर्फ पठाइएको प्रहरीले जनाएको छ।

संगमको नियमित साहित्य सन्ध्या

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरको आयोजनामा शनिबार संगमको ३३२ औं नियमित साहित्य सन्ध्या भएको छ। संगमकी अध्यक्ष अनिता न्यौपानेको सभाध्यक्ष तथा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

सोही अवसरमा कवि गोविन्द खड्का र डा. गणेशकुमार पौडेलको स्मृतिमा साहित्यकार तुलसी घिमिरेले उहाँहरुको व्यक्तित्वमाथि जानकारी दिनुभएको छ। यस्तै, यात्री प्रकाश पाण्डेकृत साइन कृतिमाथि विमर्श गरिएको छ।

कार्यक्रममा एक दर्जन साहित्यकारहरुले रचना वाचन गर्नुभएको छ। कार्यक्रममा साहित्यकारहरु मुक्तिगोविन्द वैद्य, देवराज खरेल, सानु खनाल, मनोज पौडेल, किशन पौडेल, मसान उपासक, देवराज तिवारीलगायतको उपस्थिति थियो।

डेस्कटप डिजाइनर चाहियो

हेटौँडा-२, मानसचोकस्थित एक डेस्कटप सेवा सञ्चालन गर्दै आएको कम्पनिलाई डेस्कटप डिजाइनर आवश्यक भएकोले इच्छुक योग्य व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला। फोटोशप चलाउन जान्ने। दश जोड दुई तह अध्ययनरत विद्यार्थीलाई प्राथमिकता दिइनेछ।

तलब: आपसी समझदारीमा तय गरिनेछ। सम्पर्कः ९८४८७०८७८०

चितवन टी-१० क्रिकेटको उपाधि आधुनिक माविलाई

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लामा आयोजना भएको अन्तरजिल्ला विद्यालयस्तरीय चितवन टी-१० क्रिकेट प्रतियोगिताको उपाधि मकवानपुरको आधुनिक राष्ट्रिय माविले जितेको छ। शनिबार भएको फाइनल खेलमा मकवानपुरकै जीएस निकेतनलाई ४५ रनले हराउँदै आधुनिकले उपाधि जितेको हो।

टस जितेर ब्याटिङ गरेको आधुनिकले जीएसलाई ८५ रनको लक्ष्य दिएको थियो। जीएसले सबै विकेट गुमाउँदै ४० रनमात्र बनायो। मौसम अनुकूल नभएकाले ८ ओभरको मात्र खेल खेलाइएको जीएसका क्रिकेट कोच नवीन मिश्रले बताउनुभयो।

उपाधिसँगै आधुनिकले १० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता जीएसले ५ हजार ५ सय रुपैयाँ प्राप्त गरेको छ। फरवार्ड इभेन्ट म्यानेजमेन्ट प्रालिको आयोजनामा भएको प्रतियोगितामा १२ टिम सहभागी रहेका थिए। प्रतियोगितामा मकवानपुर, चितवन र नवलपुरका विद्यालयका टिमहरुको सहभागिता रहेको थियो।

दोस्रो विजय युथ गोल्डकप

पदमपोखरी युनाइटेड विजयी

समाज संवाददाता

हेटौँडाः हेटौँडामा जारी दोस्रो विजय युथ गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत शनिबार पदमपोखरी युनाइटेड र हर्नामाडी युथ क्लबबीच खेल भएको छ। प्रतियोगितामा पदमपोखरी युनाइटेड विजयी भएको छ। पदमपोखरी युनाइटेडले हर्नामाडी युथ क्लबलाई ४-२ गोलअन्तरले पराजित गरेको हो।

पदमपोखरीले पहिलो हाफमा ३ गोल र दोस्रो हाफमा १ गोल गरेको थियो भने हर्नामाडीले पहिलो हाफमा गोल गर्न सकेको थिएन भने दोस्रो हाफमा २ गोल गर्न सफल भयो। हर्नामाडीको तर्फबाट समीर राज थोकर र सिरिङ लामाले गोल भने पदमपोखरीको तर्फबाट पहिलो हाफमा दिपेश आले मगरले २ गोल र प्रदिप लामाले १ गोल गरेका थिए। दोस्रो हाफमा विश्व लामाले १ गोल गरेका थिए। म्यान अफ द म्याच पदमपोखरीका जनक कार्की भए। आइतबार पहिलो खेल एफसी विजयी युथ र बागमती प्रदेश प्रहरी गणबीच हुनेछ भने दोस्रो खेल ढल्के जोवन फुटबल एकेडेमीबीच हुनेछ।

सवा लाखा मूल्यका अबैध कपडा बरामद

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५, स्थित रातोमाटे चेकपोष्टबाट १ लाख २५ हजार रुपैयाँ बराबरको अबैध कपडा बरामद गरिएको छ। शुक्रबार वीरगञ्जबाट नारायणगढ जाँदै गरेको ग २ ख ११६५

नम्बरको यात्रुबाहक बसलाई सुरक्षा जाँच गर्दा अबैध कपडा बरामद गरेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बसमा लुकाइछिपाई ल्याएको जिन्स पाइन्ट ९ पिस, बच्चाको कोट सेट ८ पिस, कलर टिसर्ट ११ पिस, टिसर्ट १२ पिस, फुल सर्ट ३० पिस, हाफ सर्ट १८ पिस, लेडिज टप ५३ पिस, लेगिज १२ पिस र लेडिज टिसर्ट ८ पिस गरी १ लाख २५ हजार रुपैयाँ बराबरको कपडाहरु बरामद गरेको प्रहरीले जानकारी दिएको छ। कपडाहरु नियन्त्रणमा लिई बसलाई गन्तव्यतर्फ पठाइएको प्रहरीले जनाएको छ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।

सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

सवारी दुर्घटनामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको विभिन्न जिल्लामा सवारी दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। शुक्रबार धादिङ र काभ्रेमा भएको छुट्टाछुट्टै दुर्घटनामा परी २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

धादिङको गल्छीमोडमा भारतीय बस दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने १९ जना घाइते भएका छन्। मृत्यु हुनेमा भारत राजस्थान बस्ने १२ वर्षीया कल्पना पारिक रहेकी छिन्। उनको उपचार को क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

काठमाडौंबाट भारत राजस्थान जाँदै गरेको एआर ०६ ई ७०३१ नम्बरको भारतीय बस आफैं अनियन्त्रित भई सडकमा पल्टेर दुर्घटना भएको हो। बसमा ३४ जना यात्रु सवार रहेका थिए।

यस्तै, काभ्रेको बेथानचोक गाउँपालिका-४, पाटीखर्कमा बोलेरो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा पटगाउँ बस्ने ४५ वर्षीय दलबहादुर लोप्चन रहेको प्रहरीले जनाएको छ। पटगाउँबाट खोपासी आउँदै गरेको बा १७ च ३०१७ नम्बरको बोलेरो सडकबाट २ मिटर तल खसेको थियो। बोलेरोमा चालकसहित ४ जना सवार रहेका थिए।

सिन्धुपाल्चोकमा एक जना मृत फेला

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोकको साँगाचोकगढी नगरपालिका-१, भादगाउँमा एक पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा सोही स्थानका ५० वर्षीय नेत्रबहादुर श्रेष्ठ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

श्रेष्ठ सोमबारदेखि घरबाट हराएको भनि आफन्तले प्रहरीमा उजुरी दिएका थिए। श्रेष्ठको खोजतलास गर्ने क्रममा घरदेखि देखि ३ सय मिटर उत्तरतर्फ घुङरिङ भिरनजिक रुखको फेदमा मृत्त फेला परेका हुन्। मुचुल्कापश्चात् श्रेष्ठको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जनाएको छ।

मनकामना माविमा गणित दौड

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-४ स्थित मनकामना माध्यमिक विद्यालयमा शुक्रबार अतिरिक्त क्रियाकलापअन्तर्गत गणित दौड प्रतियोगिता भएको छ। विद्यार्थीहरुका मनोरञ्जन तथा गणित विषय प्रतिको रुचि अभिवृद्धि गर्ने उद्देश्यले गणित दौड प्रतियोगिता गराएको सहायक प्रधानाध्यापक सविता तिमल्सिनाले जानकारी दिनुभएको छ।

अतिरिक्त क्रियाकलाप अन्तर्गत शुक्रबार कक्षा ६, ७, ८, ९ र १० का विद्यार्थीको सहभागिता रहेको थियो। यसैबीच विद्यालयले शुक्रबार दिवा खाजामा मौसमी फल आँप खुवाएको छ। १० कक्षासम्म पठनपाठन हुने मनकामना माविमा अतिरिक्त क्रियाकलाप विभागको बैठक अनुसार आइतबार के कस्तो क्रियाकलाप गर्ने भन्ने विषयमा छलफल गर्ने गरिएको सहायक प्रधानाध्यापक तिमल्सिनाले जानकारी दिनुभयो। अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सक्रिय सहभागिता रहेको बताइएको छ।

स्वादिष्ट नेवारी खाजा

अब

होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।

०५७-५२६०१३

BUDDHA
Bar & Restaurant

We're serving Hetauda from since 2019 and now with **more space** and **great ambience**

We are Welcoming you once again with a full of heart to make you taste the best cousine that you can get in ***Hetauda.***

Hetauda-4, School Road

For Delivery
9802923576

SATISFACTION
100%
MONEY BACK
GUARANTEED
NEVER STOP
BECAUSE LIFE
NEVER STOPS TEACHING

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ